# संघीय संसद
# राष्ट्रिय सभा
# विधायन व्यवस्थापन समिति

## राष्ट्रिय सभामा उत्पत्ति भएको
## राष्ट्रिय मर्यादा सम्बन्धी विधेयक, २०७९ सम्बन्धी प्रतिवेदन

१. राष्ट्रिय मर्यादा सम्बन्धी विधेयक, २०७९ (यसपछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (१) मा रहेका "२०७९" भन्ने अङ्कहरूको सट्टा "२०८०" भन्ने अङ्कहरू राख्ने।

२. विधेयकको दफा ३ को उपदफा (५) मा रहेको "मर्यादाक्रम" भन्ने शब्दपछि "लागू हुनुपूर्व" भन्ने शब्दहरू थपी सोको प्रतिबन्धात्मक वाक्यांश झिक्ने।

३. विधेयकको दफा ९ को उपदफा (३) मा रहेको "मन्त्रीले" भन्ने शब्दको सट्टा "मन्त्री, प्रदेश उपसभामुखले" भन्ने शब्दहरू राख्ने।

४. विधेयकको दफा १२ को उपदफा (१०) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "राष्ट्रिय झण्डा" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय झण्डाभन्दा" भन्ने शब्दहरू राख्ने।

५. विधेयकको दफा १५ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "अपाङ्गता" भन्ने शब्दपछि "वा उमेर वा स्वास्थ्यको कारण अशक्त" भन्ने शब्दहरू थप्ने।

६. विधेयकको दफा २७ पछि देहायको दफा २८ थपी त्यसपछिको दफाक्रम मिलाउनेः-

"२८. <u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u>ः यस ऐन बमोजिम कसूर ठहरिने काम अन्य प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम छुट्टै मुद्दा चलाई सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।"

७. विधेयकको अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राख्नेः-

**"अनुसूची-१**

(दफा ३ सँग सम्बन्धित)

**मर्यादाक्रम**

| | |
|---|---|
| १. | राष्ट्रपति |
| २. | उपराष्ट्रपति |
| ३. | प्रधानमन्त्री |
| ४. | प्रधानन्यायाधीश |
| ५. | प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष |
| ६. | पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, मन्त्रिपरिषद्को पूर्वअध्यक्ष, पूर्वप्रधानन्यायाधीश |

| | |
|---|---|
| ७. | संविधान सभाको अध्यक्ष, प्रतिनिधि सभाको पूर्वसभामुख, व्यवस्थापिका-संसदको पूर्वसभामुख, राष्ट्रिय सभाको पूर्वअध्यक्ष, प्रतिनिधि सभाको विपक्षी दलको नेता |
| ८. | उपप्रधामन्त्री, प्रदेश प्रमुख |
| ९. | नेपाल सरकारको मन्त्री, प्रदेश सरकारको मुख्यमन्त्री, प्रतिनिधि सभाको उपसभामुख, राष्ट्रिय सभाको उपाध्यक्ष, राष्ट्रिय सभाको सत्ता पक्ष दलको नेता, राष्ट्रिय सभाको विपक्षी दलको नेता, सत्तापक्ष संसदीय दलको उपनेता, विपक्षी संसदीय दलको उपनेता, प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने अन्य दलका नेता, राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने अन्य दलका नेता, पूर्वउपप्रधानमन्त्री, पूर्वप्रदेश प्रमुख |
| १०. | संविधान सभाको उपाध्यक्ष, पूर्वउपसभामुख, राष्ट्रिय सभाको पूर्वउपाध्यक्ष, संघीय संसदको विषयगत समितिको सभापति, प्रतिनिधि सभाको मुख्य सचेतक, राष्ट्रिय सभाको मुख्य सचेतक, प्रतिनिधि सभाको विपक्षी दलका प्रमुख सचेतक, राष्ट्रिय सभाको विपक्षी दलको प्रमुख सचेतक, प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने अन्य दलका प्रमुख सचेतक, प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलको सचेतक, प्रदेश सभाको सभामुख, सर्वोच्च अदालतको न्यायाधीश, नेपाल सरकारको राज्यमन्त्री |
| ११. | नेपाल सरकारको सहायक मन्त्री, संघीय संसदको सदस्य, न्याय परिषद्को सदस्य, संवैधानिक निकायको प्रमुख, नेपाल रत्न पाउने महानुभाव, महान्यायाधिवक्ता, सवैधानिक निकायको सदस्य, राष्ट्रिय योजना आयोगको उपाध्यक्ष, नेपाल सरकारको पूर्वमन्त्री, पूर्वमुख्यमन्त्री, उच्च अदालतको मुख्य न्यायाधीश, संघीय संसदका पूर्वपदाधिकारी (नेता, सभापति, सचेतक) |
| १२. | प्रदेश सरकारको मन्त्री, प्रदेश सभाको उपसभामुख, नेपाल सरकारको पूर्वराज्यमन्त्री, नेपाल सरकारको पूर्वसहायक मन्त्री, प्रदेश सभाको पूर्वसभामुख, संविधान सभाको सदस्य, पूर्वसांसद |
| १३. | नेपाल सरकारको मुख्य सचिव, संघीय संसदको महासचिव, सर्वोच्च अदालतको मुख्य रजिष्ट्रार, प्रधानसेनापति |
| १४. | प्रदेश सभाको विपक्षी दलको नेता, प्रदेश सभाको सत्तापक्ष दलको उपनेता, प्रदेश सभाको विपक्षी दलको उपनेता, प्रदेश सभामा प्रतिनिधित्व गर्ने अन्य दलको नेता, प्रदेश सभाको विषयगत समितिको सभापति, प्रदेश सभाको मुख्य सचेतक, प्रदेश सभाको विपक्षी दलको प्रमुख सचेतक, प्रदेश सभामा प्रतिनिधित्व गर्ने अन्य दलको प्रमुख सचेतक, प्रद्रेश सभामा प्रतिनिधित्व गर्ने दलको सचेतक, नेपाल राष्ट्र बैंकको गभर्नर, राष्ट्रिय योजना आयोगको सदस्य, नेपाल प्रज्ञा प्रतिष्ठानको कूलपति, केन्द्रीय विश्वविद्यालयका कूलपति र सहकूलपति (प्रधानमन्त्री कूलपति र शिक्षामन्त्री सहकूलपति हुने विश्वविद्यालय बाहेक), विश्वविद्यालयको उपकूलपति |
| १५. | प्रदेश सरकारको राज्यमन्त्री, प्रदेश सरकारको सहायक मन्त्री, प्रदेश सभा सदस्य, प्रदेश लोक सेवा आयोगको अध्यक्ष, प्रदेश सरकारको पूर्वमन्त्री, प्रदेश सभाको पूर्वउपसभामुख |
| १६. | नेपाल सरकारको सचिव एवं राजपत्राङ्कित विशिष्ट श्रेणी वा सोसरहको अधिकृत, प्रतिनिधि सभाको सचिव, राष्ट्रिय सभाको सचिव, प्रदेश सरकारको प्रमुख सचिव, प्रदेश सभाको सचिव, राष्ट्र गौरव पाउने महानुभाव, नेपाली राजदूत, नेपालस्थित विदेशी राजदूत, सार्कका महासचिव, नेपालस्थित संयुक्त राष्ट्रसंघका आवासीय संयोजक, प्रदेश लोक सेवा आयोगको सदस्य, रथी, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक |

| | |
|---|---|
| १७. | उच्च अदालतको न्यायाधीश, मुख्य न्यायाधिवक्ता, प्रदेश योजना आयोगको उपाध्यक्ष, जिल्ला समन्वय समितिको प्रमुख, महानगरपालिका प्रमुख, नेपाल प्रज्ञा प्रतिष्ठानको उपकुलपति, विश्वविद्यालयको प्राध्यापक, उपरथी, प्रहरी अतिरिक्त महानिरीक्षक, शसस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागको अतिरिक्त अनुसन्धान निर्देशक, प्रदेश योजना आयोगको सदस्य, प्रदेश सरकारको पूर्वराज्यमन्त्री, प्रदेश सरकारको पूर्वसहायक मन्त्री, प्रदेश सभाको पूर्वसदस्य |
| १८. | जिल्ला समन्वय समितिको उपप्रमुख, जिल्ला समन्वय समितिको सदस्य, उपमहानगरपालिका प्रमुख, महानगरपालिका उपप्रमुख, नगरपालिका प्रमुख, उपमहानगरपालिका उपप्रमुख |
| १९. | सहायक रथी, प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी नायब महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान निर्देशक, गाउँपालिका अध्यक्ष, नगरपालिका उपप्रमुख, नेपाल सरकारको सहसचिव एवं राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको अधिकृत, प्रदेश सरकारको सचिव, जिल्ला न्यायाधीश, प्रमुख जिल्ला अधिकारी (राजपत्राङ्कित प्रथम श्रेणी), नेपालस्थित विदेशी कन्सुल जनरल, विश्वविद्यालयका सहप्राध्यापक, महासेनानी, प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका सहअनुसन्धान निर्देशक, प्रदेश सरकार तथा स्थानीय तहबाट नियुक्त राजपत्राङ्कित प्रथम श्रेणीको तहमा कार्यरत अधिकृत, माध्यमिक तह प्रथम श्रेणीका शिक्षक, सार्वजनिक संस्थानका प्रमुख कार्यकारी |
| २०. | गाउँपालिका उपाध्यक्ष, नेपाल सरकारको उपसचिव एवं राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको अधिकृत, प्रमुख सेनानी, प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागको उपअनुसन्धान निर्देशक, विश्वविद्यालयका उपप्राध्यापक, सेनानी, प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागको प्रमुख अनुसन्धान अधिकृत, प्रदेश सरकार तथा स्थानीय तहले नियुक्त गरेको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको तहमा कार्यरत अधिकृत, माध्यमिक तह द्वितीय श्रेणीको शिक्षक |
| २१. | नेपाल सरकारको शाखा अधिकृत एवं राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको अधिकृत, सहसेनानी, विश्वविद्यालयका सहायक प्राध्यापक, प्रहरी निरीक्षक, सशस्त्र प्रहरी निरीक्षक, उपसेनानी, राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान अधिकृत, वडाध्यक्ष, प्रदेश सरकार वा स्थानीय तहले नियुक्त गरेको राजपत्राङ्कित तृतीय श्रेणी वा सोसरहको तहमा कार्यरत अधिकृत, माध्यमिक तह तृतीय श्रेणीको शिक्षक, सहायक सेनानी" |

(मनोजकुमार गिरी)
सचिव

(जयन्ती देवी राई)
सभापति

मितिः २०८०/०७/१३